आज मिति २०७६ साल मंसीर १२ गते गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमात सिंह के.सी. ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको ५५ औं बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री जमात सिंह के.सी. | अध्यक्ष |
| श्री हिम कुमारी घर्ती | सदस्य |
| श्री दयाराम वैद्य थारु | " |
| श्री आलोक कुमार थारु | " |
| श्री पुजाराम थारु | " |
| श्री दल बहादुर चनाउने | " |
| श्री धर्म प्रकाश थारु | " |
| श्री टेक बहादुर थारु | " |
| श्री राजु बुढाथोकी क्षत्री | " |
| श्री मोतिकला शर्मा पाण्डेय | " |
| श्री शान्ति चौधरी | " |
| श्री चन्द्रकला कामी | " |
| श्री लक्ष्मी बहादुर नेपाली | " |
| श्री बम बहादुर वि.क. | " |
| श्री कासी प्रसाद पंगेनी | सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री बसन्त बहादुर शाही | लेखा अधिकृत |
| श्री नारायण प्रसाद भण्डारी | स्वास्थ्य अधिकृत |
| श्री प्रकाश शर्मा | सूचना प्रविधि अधिकृत |

निर्णयहरु:

निर्णय नं. १:

कार्यपालिकाको बैठकबाट तपशिल बमोजिमका कार्यविधिमा छलफल गरी संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

तपशिल

क) गेरुवा गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०७६

ख) गेरुवा गाउँपालिका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

ग) गेरुवा गाउँपालिकामा करारमा सामाजिक परिचालक व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६

Scanned with CamScanner

निर्णय नं.२

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा पठन पाठन लाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक शिक्षकको संघीय स्वीकृत दरबन्दी संख्या कमी भएको हुँदा माध्यमिक तह कक्षा (९-१०) विज्ञान विषयमा बौद्धा गाउँपालिकाले सिर्जना गरेको करार दरबन्दी संख्या ९ मा अध्यापन अनुमति पत्र प्राप्त गरेका व्यक्तिहरुले दरखास्त दिन पाउने गरी दुई पटक सम्म सूचना प्रकाशित गरिएकोमा कुनै दरखास्त नपरेको हुँदा विज्ञान विषय लिई स्नातक तह उत्तीर्ण गरेका तर अध्यापन अनुमति पत्र प्राप्त नगरेका व्यक्तिहरुले समेत दरखास्त दिन पाउने गरी तेस्रो पटक ७ दिने सूचना प्रकाशित गरी शिक्षक पदपूर्ति गर्ने निर्णय गरियो।